गोरखापत्र
gorkhapatraonline.com

अर्थबजार

सुनचाँदी
(प्रतितोला रुपियाँमा)
छापावाल सुन : २,८३,८०० ▼
चाँदी : ४३८० ▲

सेयर बजार
नेप्से इन्डेक्स : २६६३.९८ (-२१.१५) ▼
कारोबार रकम : ४,७७०,८५३,६१० ▼
कारोबार भएका सेयर : १०,७६९,३९६
कारोबार सङ्ख्या : ५२,२७२
कारोबार भएका कम्पनी : ३४३

बैङ्किङ प्रणाली सुधार्ने अर्थमन्त्रीको प्रतिबद्धता

गोरखापत्र समाचारदाता
काठमाडौं, साउन १९ गते

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बैङ्किङ प्रणालीमा रहेका समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। बैङ्कका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सँग मङ्गलबार अर्थ मन्त्रालयमा छलफल गर्दै उहाँले बैङ्किङ प्रणालीमा आवश्यक कानुनी र प्रक्रियागत सुधार गर्न सरकारको प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

"जहाँ कानुनी सुधार आवश्यक छ, त्यहाँ कानुन सुधार्ने छौं। जहाँ प्रक्रियागत समस्या छ, त्यहाँ प्रक्रिया बदल्ने छौं। जहाँ संस्थागत समन्वय आवश्यक छ, त्यहाँ समन्वय गर्ने छौं," उहाँले भन्नुभयो, "जहाँ सरकारबाट निर्णय आवश्यक छ, त्यहाँ निर्णय लिन हामी पछि हट्ने छैनौं।"

बैङ्किङ प्रणालीले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह बढाउन आवश्यक संरचनागत सुधारका लागि पनि सरकारले सहजीकरण गर्ने उहाँको भनाइ थियो।

त्यस्तै मौद्रिक नीतिमा आवश्यक नयाँ दृष्टिकोणका लागि पनि सरकार छलफलका लागि तयार रहेको उहाँको भनाइ थियो। सो कममा उहाँले अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क र बैङ्किङ क्षेत्रबिचको समन्वयलाई अझ प्रभावकारी बनाउन आवश्यक उपायबारे सिइओको धारणा खोज्नुभएको थियो।

छलफलमा अर्थमन्त्री डा. वाग्लेले ऋणको ब्याजदर ऐतिहासिक रूपमा न्यून हुँदा पनि कर्जाको माग बढ्न नसक्नु र व्यवसायी लगानी गर्न हिचकिचाइरहेको सन्दर्भमा पनि सिइओहरूलाई प्रश्न सोध्नुभएको थियो। "बैङ्किङ प्रणालीमा रहेको अधिक तरलता उत्पादन र लगानीमा किन रूपान्तरण हुन सकेको छैन ? यसको समाधान मौद्रिक नीतिमा छ, वित्तीय नीतिमा छ, कि निजी क्षेत्रको आत्मविश्वासमा ?" उहाँको प्रश्न थियो।

वाणिज्य बैङ्कहरू अर्थतन्त्रका सबैभन्दा महत्त्वपूर्ण सङ्गठन भएको अर्थमन्त्री डा. वाग्लेको भनाइ थियो। बचतकर्ता, उद्यमी, किसान, उद्योगी, लगानीकर्तादेखि नयाँ व्यवसाय सुरु गर्न चाहने सबै बैङ्कर्मी आउने भएकाले अर्थतन्त्रको वास्तविक मनोविज्ञान, बजारको आत्मविश्वास, लगानीकर्ताको सोच र भविष्यप्रतिको अपेक्षा पनि बैङ्ककका नेतृत्वलाई जानकारी हुने उहाँको भनाइ थियो।

अर्थमन्त्री डा. वाग्लेले बजेटमार्फत आर्थिक रूपान्तरणका लागि एउटा स्पष्ट दिशा तय गरेकाले अब सरकारको ध्यान कार्यान्वयनमा रहेको उल्लेख गर्नुभयो। नेपालको अर्थतन्त्रलाई पुनः गतिशील बनाउने र लगानी बढाउँदै उत्पादन र रोजगारी विस्तार गर्न सरकारको लक्ष्य रहेको बताउनुभयो। उहाँले सरकारले भविष्यप्रति आशावादी अर्थतन्त्र बनाउन चाहेको पनि उल्लेख गर्नुभयो। "हामी अर्थतन्त्रलाई प्रतिक्रियात्मक ढङ्गले होइन, आत्मविश्वासले भरिएको, निर्णयक्षमता र भविष्यप्रति आशावादी अर्थतन्त्र बनाउन चाहन्छौं," उहाँले भन्नुभयो।

नेपालका वित्तीय प्रणालीलाई आर्थिक रूपान्तरणको नेतृत्वदायी साझेदार बनाउन सरकारले पहल गरेको अर्थमन्त्री डा. वाग्लेले बताउनुभयो। "सरकार र बैङ्किङ क्षेत्रबिचको सम्बन्ध नियामक र नियमित निकायको मात्र होइन, साझा राष्ट्रिय जिम्मेवारीको सम्बन्ध हो," उहाँले भन्नुभयो, "आर्थिक वृद्धि, लगानी विस्तार, रोजगारी सिर्जना र वित्तीय स्थायित्व हाम्रो साझा उद्देश्य हो।"

छलफलका सुझावलाई छलफलमा मात्र सीमित नगरी कार्यान्वयनको स्पष्ट रोडम्यापमा रूपान्तरण गर्ने प्रतिबद्धता पनि अर्थमन्त्रीले व्यक्त गर्नुभयो।

एकसट्ठी प्रतिशतले बढे चिनियाँ पर्यटक

गोरखापत्र समाचारदाता
काठमाडौं, साउन १९ गते

सन् २०२६ को जुलाईमा चीनबाट नेपाल भ्रमणमा आउने पर्यटकको सङ्ख्या ६१ प्रतिशतले बढेको छ। नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको तथ्याङ्क अनुसार सन् २०२६ को जुलाईमा चीनबाट ११ हजार ९९ पर्यटक नेपाल भ्रमणमा आएका छन्। यस अघि सन् २०२५ को जुलाईमा छ हजार ८९० चिनियाँ पर्यटक नेपाल भ्रमणमा आएका थिए। यो अघिल्लो वर्षको तुलनामा ६१ प्रतिशतले बढी हो। सन् २०१९ को जुलाईमा १० हजार २१५ चिनियाँ पर्यटकले नेपाल भ्रमण गरेका थिए। बोर्डको अनुसार उक्त सङ्ख्या कोभिड्पूर्वभन्दा आठ प्रतिशतले बढी रहेको छ।

बोर्डका अनुसार सन् २०२६ को जुलाईमा ७१ हजार ७७५ विदेशी पर्यटक भित्रिएका छन्। जुन गत वर्ष जुलाईको तुलनामा दुई प्रतिशतले बढी हो। सन् २०२५ को जुलाईमा ७० हजार ९९३ जना विदेशी पर्यटक नेपाल आएका थिए।

जुलाईमा सबैभन्दा धेरै भारतबाट २३ हजार ५९० पर्यटक नेपाल आएका छन्। यो कुल आगमनको ३२.७३ प्रतिशत हो। दोस्रोमा चीन र तेस्रोमा अमेरिका रहेको छ। अमेरिकाबाट जुलाईमा सात हजार ७४४ पर्यटक आएका छन्। यस्तै बङ्गलादेशबाट चार हजार ७७९, बेलायतबाट तीन हजार ७७३ र अस्ट्रेलियाबाट दुई हजार ४२८ पर्यटक नेपाल आएका छन्।

क्षेत्रगत रूपमा हेर्दा दक्षिण एसियाली मुलुकबाट आउने पर्यटकको सङ्ख्या सबैभन्दा बढी छ। जुलाईमा सार्क मुलुकबाट २९ हजार ७४५ पर्यटक नेपाल आएका छन्। जुन कुल आगमनको ४१.४६ प्रतिशत हो। यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा ११.९३ प्रतिशत कम हो। सन् २०२५ को जुलाईमा सार्क मुलुकबाट ३३ हजार ७८७ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

जुलाईमा दक्षिण एसियाबाहेक अन्य एसियाली मुलुकबाट १७ हजार ४२४ पर्यटकले नेपाल भ्रमण गरेका छन्। जुन कुल आगमनको २४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको जुलाईमा १३ हजार ४२ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

यस वर्षको जुलाईमा युरोपबाट नौ हजार २७९ पर्यटक नेपाल आएका छन्। जुन कुल आगमनमा १२.९३ प्रतिशत रहेको हो। जुलाईमा बेलायतबाट तीन हजार ७७३, जर्मनीबाट ७२३, स्पेनबाट ६८१, फ्रान्सबाट ६४४, नेदरल्यान्ड्सबाट ५१४, पोर्चुगलबाट ४८९ र रुसबाट ४६७ जना पर्यटक आएका छन्। त्यस्तै अमेरिकी मुलुकबाट आठ हजार ८२४ जना पर्यटकले नेपाल भ्रमण गरेका छन्। ओसियनियाबाट दुई हजार ६०७ पर्यटक आएका छन्। मध्यपूर्वबाट जुलाईमा ७३६ पर्यटक आएका छन्। बोर्डको अनुसार जुलाईमा अफ्रिकी मुलुकबाट ३२४ पर्यटकले नेपाल भ्रमण गरेका छन्।

ड्याग्न फ्रुट बगैँचामा बत्ती जडान
बेमौसममा उत्पादनको तयारी

मकवानपुर समाचारदाता
मकवानपुर, साउन १९ गते

हेटौंडा उपमहानगरपालिका-१२, हात्तीगौंडाका ड्याग्न फ्रुट किसान बुद्धिबहादुर बोञ्जनले बेमौसममा पनि उत्पादन लिन बगैँचामा बत्ती जडान गर्नुभएको छ।

सिन बहुद्देश्यीय कृषि फार्मका सञ्चालक बोञ्जनले जाडोयाममा पर्याप्त तापक्रम नहुँदा ड्याग्न फ्रुटमा फूल नफुल्ने समस्या समाधानका लागि कृत्रिम उज्यालोको प्रयोग सुरु गर्नुभएको हो। उहाँका अनुसार मङ्सिरसम्म उत्पादन हुने ड्याग्न फ्रुट त्यसपछि करिब तीन महिना उत्पादनविहीन हुन्छ भने पुनः जेठदेखि उत्पादन सुरु हुन्छ। "अब बेमौसममा पनि ड्याग्न फ्रुट उत्पादन गरेर बजारमा पुऱ्याउने लक्ष्यका साथ यो अभ्यास थालेका छौं," उहाँले भन्नुभयो। बोञ्जनले बगैँचामा १२ बाटका करिब आठ सय वटा बत्ती जडान गर्ने योजना बनाएकोमा हालसम्म चार सय वटा जडान गरिसक्नुभएको छ। सामाजिक सञ्जालमार्फत विदेशमा अपनाइएको प्रविधिबाट प्रेरित भएर आफूले पनि यो अभ्यास सुरु गरेको उहाँले बताउनुभयो।

हेटौंडा-१२, हात्तीगौंडास्थित बुद्धिबहादुर बोञ्जनको ड्याग्न फ्रुट बगैँचामा जडान गरिएको बत्ती। सोही बगैँचाको दिवाकालीन दृश्य (बायाँ)।

उहाँका अनुसार बत्ती जडानपछि करिब डेढ महिनामा माघको मध्यतिरदेखि उत्पादन सुरु हुने अपेक्षा गरिएको छ। मौसमी उत्पादनको तुलनामा उत्पादन केही कम भए पनि वर्षभरि आम्दानीको निरन्तरता रहने विश्वास उहाँको छ। कृषि प्राविधिक चन्द्रकान्त चौधरीले जाडोयाममा पर्याप्त तापक्रम नपुग्दा ड्याग्न फुटमा फूल नफुल्ने भएकाले कृत्रिम प्रकाशको प्रयोगबाट फूल फुलाउन र उत्पादन लिन सकिने बताउनुभयो।

बोञ्जनले एक विघा क्षेत्रफलमा ८५० वटा सिमेन्टका पोलमा ड्याग्न फ्रुट खेती गर्दै आउनुभएको छ। गत असारमा हेटौंडामा आयोजित ड्याग्न फ्रुट महोत्सवमा उहाँले सहभागी किसानमध्ये सबैभन्दा बढी करिब छ लाख रुपियाँ बराबरको ड्याग्न फ्रुट बिक्री गर्नुभएको थियो।

उहाँका अनुसार यस वर्षको पहिलो सिजनमै १२ लाख रुपियाँ आम्दानी भइसकेको छ। हाल वार्षिक करिब ३० लाख रुपियाँ आम्दानी हुँदै आएकोमा बेमौसमी उत्पादन सफल भए वार्षिक आम्दानी ५० लाख रुपियाँ पुऱ्याउने लक्ष्य रहेको उहाँले बताउनुभयो। बगैँचामा बत्ती जडानका लागि हेटौंडा उपमहानगरपालिकाले ७० प्रतिशत अर्थात् दुई लाख ७० हजार रुपियाँ अनुदान उपलब्ध गराएको छ भने बाँकी लागत फार्मले बेहोर्नेको छ।

छ वर्षदेखि ड्याग्न फ्रुट खेती गर्दै आउनुभएका बोञ्जनले एमोकाडो, मेवा र मर्कलगायतका बाली पनि खेती गर्दै आउनुभएको छ। उहाँका अनुसार सामान्य अवस्थामा फूल फुलेपछि ३०-३५ दिनमा फल टिप्न मिल्ने भए पनि कृत्रिम प्रकाशको प्रयोगबाट हुने बेमौसमी उत्पादनमा ४५-५० दिन लाग्ने अपेक्षा गरिएको छ।

शाइन रेसुङ्गा 'बेस्ट डेभलपमेन्ट बैङ्क'

बुटवल समाचारदाता
बुटवल, साउन १९ गते

बुटवलमा प्रधान कार्यालय रहेको शाइन रेसुङ्गा डेभलपमेन्ट बैङ्कले 'चौथो आइसिसी इमर्जिङ एसिया बैङ्किङ अवार्ड-२०२६' अन्तर्गत 'बेस्ट डेभलपमेन्ट बैङ्क' अवार्ड प्राप्त गरेको छ। बैङ्कले नाफा र व्यवसाय वृद्धिमा उत्कृष्ट प्रदर्शन गर्दै एकैसाथ तीन विधामा अन्तर्राष्ट्रिय सम्मान सामेल गरेको हो। बैङ्ककका अनुसार भारतको प्रतिष्ठित व्यावसायिक संस्था इन्डियन चेम्बर अफ कमर्स (आइसिसी) ले नयाँदिल्लीमा आयोजना गरेको 'चौथो आइसिसी इमर्जिङ एसिया बैङ्किङ कन्क्लेभ एन्ड अवार्ड्स-२०२६' मा विकास बैङ्ककतर्फ शाइन रेसुङ्गा डेभलपमेन्ट बैङ्क र वाणिज्य बैङ्ककर्फ नबिल बैङ्क 'बेस्ट बैङ्क' घोषित भएका हुन्।

उक्त बैङ्कका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले बैङ्ककले 'बेस्ट डेभलपमेन्ट बैङ्क' सँगै 'बेस्ट पर्फर्मेन्स अन प्रोफिटेबिलिटी' र 'बेस्ट पर्फर्मेन्स अन ग्रोथ' गरी तीन विधामा अवार्ड प्राप्त गरेको जानकारी दिनुभयो।

उहाँले विकास बैङ्ककतर्फ एकैसाथ तीन विधामा उत्कृष्टता हासिल गर्नु नेपाली बैङ्किङ क्षेत्रको सुशासन, वित्तीय अनुशासन, नाफा आर्जन क्षमता तथा दिगो व्यावसायिक वृद्धिको अन्तर्राष्ट्रिय स्वीकार्यता भएको बताउनुभयो।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत
सडक डिभिजन जुम्ला, खलङ्गा

ठेक्का अङ्क्य गरिएको सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः- २०८३/०४/२०)

श्री सडक विभाग, पुल महाशाखा मार्फत ठेक्का व्यवस्थापन भई यस सडक डिभिजन, जुम्लालाई Project Manager तोकिएको तपशिल बमोजिमको ठेक्कामा सम्झौताको ACC 4.2 & ACC 5.1 मा रहेको Milestone-II मा उल्लेख भए अनुसार "Submission of design and environment study of bridge no later than 6 months from date of signing of contract. Three (3) months time is required for design approval after receipt of the Design Report" समय अवधिभित्र डिजाइन स्वीकृत गराउनुपर्नेमा हालसम्म पनि डिजाइन समेत स्वीकृत नभएको तथा निर्माण कार्य सम्पन्न गर्न निर्माण व्यवसायीबाट तत्परता र चासो नदेखाएकोले स्वरिद सम्झौताको दफा नं. ७२.२ को Fundamental Breach of Contract भएको हुँदा स्वरिद सम्झौताको दफा नं. ७२.२, स्वरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक स्वरिद नियमावली २०६४ (संशोधन सहित) समेतको आधारमा ठेक्का अन्त्य (Terminate) गरिएको व्यहोरा जानकारी गराइन्छ। यसर्थ ठेक्का सम्झौताको सम्बन्धित GCC बमोजिम भुक्तानी हुन बाँकी स्वीकार्य रकमबाट सम्पन्न भइसकेका कुनै कार्य भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा निर्माण व्यवसायीलाई यस कार्यालयमा सम्पर्क राखी वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ।

तपसिल

सि.नं.	ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायीको नाम
1	BBPCU-DB-337011324-078/79-12	Design and Build of Bridges over Tila River, Gyaldo and Padimghat Khola, Surkhet-Mahawalekh-Nagma-Gamgadhi Road, Kalikot	MM/S BKOI Builders Pvt. Ltd.

डिभिजन प्रमुख

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाडौँ।
फोन नं. +९७७-१-४५९८०१३/१-४५९८०१४

दिगो ऊर्जा च्यालेन्ज फण्ड अन्तर्गत कार्यान्वयन हुने पेलेट चुलो आयोजनाका लागि आवेदन आह्वान सम्बन्धी सूचना।

(प्रकाशित मिति : २०८३ साउन २०)
(आवेदन बुझाउने अन्तिम मिति : २०८३ भदौ ९)

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले केन्द्रीय नवीकरणीय ऊर्जा कोष अन्तर्गत भायबिलिटी ग्याप फन्डिङमा आधारित दिगो ऊर्जा च्यालेन्ज फण्ड मार्फत यस आ.व.मा पनि आयोजनाहरू कार्यान्वयन गर्ने लक्ष्य रहेकाले छ। यो पहलको मुख्य लक्ष्य वितरित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्ष परियोजनाहरूमा निजी क्षेत्रको लगानी वृद्धि गर्ने तथा सबैमा स्वच्छ, आधुनिक ऊर्जाको पर्याप्तता सुनिश्चितता गर्न सहयोग गर्ने रहेको छ। कार्यक्रमले दिगो ऊर्जा च्यालेन्ज फण्ड मार्फत वितरित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्ष परियोजनाहरूको वित्तीय सम्भाव्यता र दिगो सञ्चालनका लागि वित्तीय र प्राविधिक सहायता प्रदान गर्दै आएको छ। यस आ.व.का लागि निम्न बमोजिमका निजी क्षेत्रबाट आवेदन https://secf.aepc.gov.np/cn/webapp/ मार्फत नवीनतम अवधारणा (Innovative Window) वा मागको एकीकरण अवधारणा (Demand Aggregation Window) मार्फत पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। इच्छुक आवेदकले https://secf.aepc.gov.np/cn/webapp/ मा माग भए बमोजिम सम्पूर्ण जानकारी र कागजात सहित आवेदन दिनुपर्नेछ।

(१) व्यापारिक तथा संस्थागत क्षेत्रहरूमा तापीय ऊर्जाका लागि प्रयोग भइरहेको एल.पी.जी.लाई जैविक पेलेट चुलो मार्फत प्रतिस्थापन गर्न इच्छुक होटेल व्यवसायी सङ्घ, ऊर्जा सेवा प्रदायक कम्पनी, लघु वित्त/सहकारी, साना तथा मझौला उद्योग।

नोट : महिला, दलित, पिछडिएका तथा जनजातिले नेतृत्व गरेको संस्थाबाट प्राप्त आवेदनलाई प्राथमिकता दिइने छ। तोकिएको समयावधिभित्र आवश्यक जानकारी र कागजात सहित रीतपूर्वक पेश गरिएका आवेदनहरू मात्र बजेट उपलब्धताको आधारमा मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछ। आवेदन स्वीकृत वा अस्वीकृत गर्ने अधिकार केन्द्रमा सुरक्षित रहनेछ।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
डिभिजन वन कार्यालय हुम्लाको

पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना कार्यान्वयनको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय-सुझावका लागि आह्वान गरिएको सार्वजनिक सूचना।

प्रकाशित मिति : २०८३।०४।२०

श्री कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत, डिभिजन वन कार्यालय, हुम्ला प्रस्तावक रहेको डिभिजन वन कार्यालय हुम्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना कार्यान्वयनको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन यस मन्त्रालयमा स्वीकृतिका लागि प्राप्त भएको छ।

प्राप्त प्रतिवेदन अनुसार, प्रस्तावित कार्य योजना डिभिजन वन कार्यालय हुम्लाको क्षेत्राधिकाभित्र पर्ने सम्पूर्ण वन क्षेत्रमा कार्यान्वयन गरिनेछ। यस प्रस्तावको मुख्य उद्देश्य हुम्ला जिल्लाको सबै वन क्षेत्रबाट जरा प्रजाति ४४२३६२ के.जी., डाँठ, बोक्रा ३४८६० के.जी., बिरुवा ७९६७० के.जी., पात १०७१४० के.जी., फल तथा बीज ११६६३४ के.जी. र गम रोजिन तथा लाइन नट १३०९ के.जी. गरी वार्षिक रूपमा ८,४२,९८४ के.जी. गैरकाष्ठ वन पैदावारको सङ्कलन तथा व्यवस्थापन गरिनेछ।

कर्णाली प्रदेश सरकारको वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न सक्ने व्यवस्था रहेकाले यो प्रतिवेदन निम्न स्थानहरूमा तथा यस मन्त्रालयको वेवसाइट [www.https://moitfe.karnali.gov.np] मा सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा, यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा ती राय-सुझावहरूलाई समेत सम्बोधन गर्नेछ। उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भएमा यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिनभित्र आफ्नो लिखित रूपमा राय-सुझाव निम्न ठेगानामा पठाइदिनुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू :
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री डिभिजन वन कार्यालय, सिमकोट, हुम्ला।

राय-सुझाव पठाउने ठेगाना :
कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वातावरण शाखा, वीरेन्द्रनगर, सुर्खेत।
फोन नं.: ०८३-५२५२८८; इमेल moitfe@karnali.gov.np